# कीर्तिपुर नगरपालिकाको सातौं नगरसभामा प्रस्तुत

# नीति तथा कार्यक्रम - २०७७/०७८

**नगरसभाका सभाध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरू,**

कोरोना भाइरस (कोभिड-१९) को विश्वव्यापी महामारीको चपेटाका बीचमा हुन गईरहेको यस कीर्तिपुर नगरपालिकाको सातौं नगरसभामा उपस्थित सभाध्यक्ष, सदस्यहरू लगायत उपस्थित सम्पूर्णमा हार्दिक स्वागत तथा अभिवादन प्रकट गर्दै यस कीर्तिपुर नगरपालिकाको आ.व.२०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएपछि जनताका बीचमा तीन तहको सरकारको उपस्थिति भएसँगै स्थानीय सरकारका सिकाईपूर्ण अभ्यासको चौथो वर्षमा आइपुग्दासम्म हामीले आफ्नो चुनौतिपूर्णको यात्रामा निकै आरोह अवरोह पार गरेका छौं । आर्थिक, सामाजिक र पूर्वाधार लगायतका विकासको प्रयास र गतिलाई अगाडि बढाइरहँदा अनपेक्षित रुपमा आइपरेको कोराना भाइरस (कोभिड-१९) को विश्व महामारीले गर्दा हामी निकै पीडित र प्रभावित भएका छौं । कोरोना र लकडाउनका कारण हामीले थालेका विकासका प्रयासमा बिराम लगाउदै संकट तथा जोखिममा परेका मानवको जीवनरक्षा तथा कोरोनाको रोकथाम, नियन्त्रण, उपचार र राहत वितरणमा लागि पऱ्यौं । संघ र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान र आफ्नो आन्तरिक स्रोतको अधिकतम परिचालनबाट हामी कोरोनासँग लड्दै विकासका प्रयासहरूलाई पुनःसुचारु गर्दै नयाँ आर्थिक वर्षका लागि परिवर्तित परिस्थिति अनुकूल केही नयाँ प्राथमिकता र कार्यक्रमसहित आगामी आ.व.को नीति तथा कार्यक्रम र बजेट बनाउन गइरहेका छौं ।

हामी निर्वाचित भएर आएको तीन वर्ष पूरा गरिरहँदा प्राप्त सिकाइ, अनुभव र समयको माग बमोजिम स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउदैं लोककल्याण तथा समाजवाद् उन्मुख व्यवस्थातर्फको गतिशील यात्रालाई पूर्वाधार विकास, स्वास्थ्य, शिक्षा, कृषि, रोजगारी सिर्जना लगायतलाई प्राथमिकता दिई समावेशी विकाससहित अगाडि बढाउने ऐतिहासिक जिम्मेवारी हाम्रो काँधमा आएको छ ।

यस विषम र जटिल परिस्थितिका बीचमा नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा कोरोना भाइरसका कारण स्वदेश तथा विदेशमा जीवन गुमाउनु भएका सम्पूर्ण नेपालीहरू प्रति हार्दिक श्रद्धासुमन प्रकट गर्दै विरामीहरूको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु । यसैगरी कीर्तिपुर नगरपालिकामा कोरोना नियन्त्रणको लागि अहोरात्र खट्नुहुने स्वास्थ्यकर्मी, कर्मचारी, स्वयंसेवक, स्वास्थ्य स्वयंसेविका एवं आ-आफ्नो ठाउँबाट व्यक्तिगत रुपमा क्रियाशील भई आर्थिक तथा भौतिक सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरू लगायत (कोभिड-१९) कोरोना भाइरस रोकथाम र नियन्त्रणका लागि यस नगरपालिकाले स्थापना गरेको कोषमा सहयोग गर्नुहुने सम्पूर्ण व्यक्ति, सरकारी, गैर सरकारी संस्था एवम् दाताहरूलाई हार्दिक धन्यवाद् दिन चाहन्छु ।

नेपालको मिचिएको भूभागलाई समावेश गरी संविधानको संशोधनसहित अनुसूचिमा नयाँ नक्सा समावेश गरी नेपालको गौरव र सम्मान स्थापित गर्न सफल भएकोमा कीर्तिपुर नगरपालिका सम्माननीय प्रधानमन्त्री तथा नेपाल सरकारमा हार्दिक आभार प्रकट गर्दछ । साथै सर्वसम्मत मतदान गर्नुहुने सबै संघीय माननीयज्यूहरूलाई हार्दिक धन्यवाद् दिन चाहन्छु ।

मुक्ति र स्वतन्त्रताको आन्दोलन, सार्वभौमसत्ता र अखण्डताको रक्षा, सामाजिक रुपान्तरण तथा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति दिई सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात

अज्ञात शहीदहरू लगायत कीर्तिपुरका चार जना शहीदहरू लनबहादुर महर्जन, हिराकाजी महर्जन, राजमान माली र राजेन्द्र महर्जन प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै जनयुद्धको क्रममा शहीद तथा बेपत्ता हुनु भएका योद्धाहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

यसैगरी यस नगरपालिकाको स्थापना कालदेखि समृद्ध नगर निर्माणको अभियानमा लाग्नु हुने सम्पूर्ण अग्रज व्यक्तित्वहरूको अतुलनीय योगदानको स्मरण र उच्च सम्मान प्रकट गर्दछु ।

विश्व व्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीले नेपालमा पनि दिनानुदिन आक्रामक रुप लिइरहेको छ । यसबाट छिट्टै छुटकारा पाई हामी साविक बमोजिमका नियमित गतिविधिमा फर्कन सकौं भन्ने कामना गर्दछु ।

**सभाध्यक्ष महोदय,**

**वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा लिइएका आधारहरू :**

- नेपालको संविधानको मौलिक हक तथा अनुसूची ८ र ९ ले निर्दीष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरू
- नेपाल सरकारको विनियोजन विधयेक, २०७७ का सिद्धान्त र प्राथमिकताहरू
- नेपाल सरकारको आर्थिक वर्ष २०७७/०७८ को बजेट
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा निर्देशित तात्कालिन आवश्यकता पहिचान तथा संवेदनशील योजना तर्जुमा ढाँचा
- बागमती प्रदेशको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम र बजेट
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४, का विभिन्न प्रावधानहरू
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)
- सरोकारवालाहरूबाट प्राप्त राय/सुझावहरू,
- बिगत वर्षहरूमा सम्पन्न भएका नगर सभाहरूबाट पारित भएका निर्णयहरू,
- स्थानीय राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति तथा विषयगत समितिहरूबाट प्राप्त राय सल्लाह र सुझावहरू,
- लेखापरीक्षण प्रतिवेदन लगायत विभिन्न कार्यक्रममा प्राप्त सुझावहरू,
- कीर्तिपुरका मौलिक पहिचान तथा विशेषताहरू
- दीगो विकासका लक्ष्यहरू

**मुख्य नीतिहरू :**

यो नीति तथा कार्यक्रम तर्जुमा गर्दा मूल रुपमा तपशिलमा उल्लेखित नीतिहरूको आधारमा कार्यक्रम तथा योजना अगाडि बढाइने छ ।

आयोजना छनौट गर्दा तत्काल प्रतिफल प्राप्त हुने र आगामी आर्थिक वर्षमा सम्पन्न हुने योजनाहरूलाई विशेष जोड दिइने छ ।

आयोजनाहरू सम्पन्न गर्न सार्वजनिक, निजी सहकारी र सामुदायिक क्षेत्रसँग साझेदारी गरी सञ्चालन गर्ने प्रक्रियालाई अघि बढाइनेछ ।

आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच पुऱ्याई कोरोनाको असर कम गरी जनजीवन सहज तुल्याई अर्थतन्त्रलाई परिचालन गरिने छ।

योजना कार्यान्वयन गर्दा थप पारदर्शी जवाफदेहीता एवं नतिजामुखी हुने गरी प्रशासनिक व्यवस्था मिलाइने छ।

योजना परिचालन गर्दा दोहरिन नदिन संघ, प्रदेश र स्थानीय तह बीच समन्वयात्मक ढंगले सेवा प्रवाह गर्नुका साथै सरकारी तथा गैर सरकारी संघसंस्थाहरूसँग समन्वय गरी कार्यक्रम अगाडि बढाइने छ।

वडा गौरवको योजनामा नगरबाट समेत उतिकै रकम थप गरिदिने नीति अवलम्बन गरिनेछ।

योजना छनौट गर्दा सम्भव भएसम्म स्थानीय श्रोत र श्रममा आधारित परियोजनाहरूलाई प्राथमिकता दिइनेछ। श्रम परिचालन गर्दा कमजोर वर्ग लाभान्वित हुने नीति अवलम्बन गरिनेछ। विगतका नगरसभाबाट पारित नीति तथा कार्यक्रमहरूलाई यथासम्भव निरन्तरता दिइनेछ।

**क्षेत्रगत नीतिहरू :**

## १) कोभिड-१९ बाट सिर्जित संकट व्यवस्थापन सम्बन्धी :

कोभिड-१९बाट पर्नसक्ने नकारात्मक असरहरूको आंकलन गर्न स्वास्थ्य स्थिति, बेरोजगारी, स्वास्थ्य संस्थाहरूको भौतिक अवस्था, स्वास्थ्य क्षेत्रमा कार्यरत जनशक्ति तथा जनसमुदायको बसोबासको स्थिति आदि समेटिने गरी तथ्याङ्क सङ्कलन गरी सोही आधारमा सङ्क्रमण जोखिमको आंकलन गरी सोको व्यवस्थापन गरिने छ।

कोरोना तथा अन्य सरुवा रोग सङ्क्रमण हुनबाट बच्ने बचाउने, नियन्त्रणका लागि आवश्यक व्यवस्थापन गर्ने, कोरोना सङ्क्रमणको परीक्षण गर्ने, सङ्क्रमित व्यक्तिहरूको व्यवस्थापन गर्ने, सङ्क्रमण नियन्त्रणमा खटिने जनशक्तिको व्यवस्थापन गर्नुका साथै यसको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, आर्थिक व्यवस्थापन र जनपरिचालन गर्ने कार्य नै कीर्तिपुर नगरपालिकाको यस वर्षको मुख्य कार्यभार रहेकाले कोरोना नियन्त्रणको लागि संघीय सरकार वा अन्य निकायको मात्र भर नपरी कीर्तिपुर नगरपालिकाले आफ्नै पहलमा निम्न कार्यहरू गर्नु पर्ने आवश्यकता महसुस गरी निम्न कार्यहरू गर्ने व्यवस्था मिलाइने छ।

**क) क्वारेन्टिन सम्बन्धी व्यवस्था**

१. कोरोना भाइरस सङ्क्रमणको शंका भएका करीव २०० जनाको लागि नेपाल सरकारको मापदण्ड अनुसार महिला र पुरुषको लागि छुट्टा छुट्टै हुने गरी क्वारेन्टिनको व्यवस्थापन गरिनेछ।
२. कोरोना नियन्त्रणको व्यवस्थापनमा प्रत्यक्ष क्रियाशील रहने करीव ५० जना स्वास्थ्यकर्मी, स्वयंसेवक जनशक्तिलाई राख्न अत्याधुनिक छुट्टै क्वारेन्टिनको व्यवस्था गरिनेछ।
३. होम क्वारेन्टिनको निर्देशिका तयार गरी सोही मापदण्ड अनुसार विदेशबाट फर्किएका सामान्य लक्षण समेत नदेखिएका व्यक्तिहरूलाई उनीहरूको आफ्नै घरमा क्वारेन्टिनको व्यवस्थापन गरिनेछ।

**ख) पीसीआर परीक्षण प्रयोगशाला सम्बन्धी व्यवस्था**

१. पिसिआर विधिबाट परीक्षण गर्नका लागि प्रयोगशाला स्थापना र संचालन गरिनेछ।
२. परीक्षणबाट पोजिटिभ देखिएमा कन्ट्रयाक्ट ट्रेसिङ्गको व्यवस्था गरिनेछ।
३. परीक्षणको लागि आवश्यक जनशक्ति तयार/व्यवस्था गरिनेछ।
४. सुविधा सम्पन्न एम्बुलेन्स सञ्चालनमा ल्याउनेछ।

**ग) पीसीआरका लागि आवश्यक जनशक्ति व्यवस्थापन**

१. कोरोना सङ्क्रमण विरुद्ध पहिलो पंक्तिमा रहेर काम गर्ने स्वास्थ्यकर्मीहरूको पालो निर्धारण गरी क्वारेन्टिनमा राखी व्यवस्थापन गरिनेछ ।

२. सङ्क्रमण व्यवस्थापनको निर्देशिका अनुसार प्रत्येक टोलमा स्वयंसेवक समूह गठन तथा तालिम प्रदान गरी सङ्क्रमण फैलिन नदिन सो समूह परिचालन गरिनेछ ।

३. नगरपालिकाका जनप्रतिनिधिहरू र कर्मचारीहरू मध्ये नगरपालिकाको दैनिक काममा असर नपर्ने गरी निश्चित सङ्ख्यालाई मात्र कोरोना नियन्त्रणको जिम्मेवारी दिइनेछ ।

४. कोरोना नियन्त्रण कार्यलाई सुव्यवस्थित गर्न संघीय सरकार, प्रदेश सरकार तथा सम्बन्धित संघसंस्थाहरूसँग समन्वय गर्न बढीमा ५ जनासम्मको एउटा समन्वय समिति गठन गरिनेछ ।

५. नगरपालिका भित्र क्रियाशील राजनीतिक पार्टी, संघसस्था एवं जनसमुदायलाई कोरोना विरुद्धको अभियान सञ्चालनका लागि नगर प्रमुखको संयोजकत्वमा एक संयन्त्र गठन गरिनेछ ।

६. कोरोना विरुद्ध अभियान संचालन गर्न विभिन्न जनचेतना अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७. कोरोना विरुद्धको अभियानमा आम जनसमुदायलाई परिचालन गरी सरसफाइ अभियानसँग पनि जोड्ने व्यवस्था मिलाइनेछ ।

८. कोरोना सङ्क्रमणबाट बच्न मास्क लाउने, हात धुने, दुरी कायम गर्ने लगायत न्यूनतम व्यक्तिगत सरसफाइमा ध्यान दिनका लागि जन चेतानामुलक कार्यक्रमहरू निरन्तर सञ्चालन गरिनेछ ।

९. कोरोना सङ्क्रमणको व्यवस्थापनको लागि भौतिक अवस्थामा मात्र होइन, उच्च मनोवलका साथ काम गर्नु पर्ने भएकोले मनोवैज्ञानिक परामर्श, रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि, योग ध्यान जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०. विश्व महामारीका कारण स्वास्थ्य जोखिमको वर्तमान अवस्थामा आफ्नो कार्यस्थलमा अहोरात्र खटिई जिम्मेवारी पूरा गर्ने स्वास्थ्यकर्मी लगायत कर्मचारी, स्वयंसेवक तथा जनप्रतिनिधिहरूको योगदानको उच्च मूल्याङ्कन गर्दै रु.१ लाखसम्मको निःशुल्क कोरोना बिमा गरिनेछ ।

## २) सामाजिक क्षेत्रसँग सम्बन्धी

### २.१ स्वास्थ्य :

१. विष्णुदेवी अस्पताललाई सुविधा सम्पन्न १५ शैयाको नगर अस्पतालको रुपमा विकास गरिनेछ ।

२. नगरपालिकाभित्रका सबै स्वास्थ्य संस्थाहरूलाई स्तरीकरण, सवलीकरण गर्नुका साथै स्तरीय स्वास्थ्य परीक्षण सेवा प्रवाह हुने गरी सार्वजनिक तथा नीजि साझेदारी नीति अन्तर्गत एउटा स्तरयुक्त स्वास्थ्य प्रयोगशाला सञ्चालनमा ल्याइनेछ ।

३. कोरोना प्रभावले पार्ने मानसिक प्रभावलाई न्यून गर्न मनोबैज्ञानिक परामर्श सेवा सञ्चालनमा ल्याइनेछ ।

४. जेष्ठ नागरिक औषधि वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५. कीर्तिपुर अस्पतालमा कीर्तिपुरबासीहरूलाई मतदाता परिचयपत्रको आधारमा स्वास्थ्य उपचार सेवामा छुटको व्यवस्था मिलाइनेछ ।

६. स्तरमा सञ्चालित स्वास्थ्य संस्थाहरूको गुणस्तरीय सेवाको प्रत्याभूति गर्न नियमित अनुगमनको व्यवस्था गरिनेछ ।

७. अतिरिक्त प्रोत्साहन सुविधासहित महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई परिचालन गरिनेछ ।

८. “स्वास्थ्य उपचार बिमा कार्यक्रम”लाई निरन्तरता दिइनेछ ।

९. स्वास्थ्य बिमालाई सरल एवं सहजीकरण गरी आर्थिक रुपमा विपन्न वर्गमा सेवा पुऱ्याउन नगरपालिकाकै अनुदानमा बिमाको व्यवस्था मिलाइनेछ ।

१०. मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवा, स्तन क्यान्सर, स्पाइनल कर्ड रोग पहिचान गरी निःशुल्क उपचारको व्यवस्था मिलाउनुका साथै सबै स्वास्थ्य संस्थामा पोषण कार्यक्रम, खोप, मुटुरोग निःशुल्क गर्ने जस्ता नेपाल सरकारका कार्यक्रमलाई सहजीकरण गरी नगरपालिका क्षेत्रभित्र व्यापक परिचालन गरिनेछ ।

११. “स्वस्थ जीवनका लागि घरघरमा स्वास्थ्यकर्मी” कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. विपन्न स्वास्थ्य उपचार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३. स्वस्थ जीवनशैली अपनाउन व्यायाम, सरसफाइ, योग ध्यान जस्ता कार्यक्रमहरू सञ्चालनको लागि नीजि क्षेत्रसँग सहकार्य गरी कार्यान्वयनमा ल्याइनेछ ।

१४. कीर्तिपुर नगरपालिकाद्वारा प्रवर्द्धित कीर्तिपुर अस्पतालबाट नियमित डायलासिस सेवा सञ्चालन गराइनेछ ।

१५. कीर्तिपुर आँखा अस्पतालसँगको सहकार्यमा विभिन्न कार्यक्रम ल्याइनेछ ।

१६. कीर्तिपुरमा स्थायी बसोबास गर्ने महिलाहरू सुत्केरी हुँदा आवश्यक परेमा २ पिन्ट रगतका साथै क्याल्सियम चक्की समेत निःशुल्क उपलब्ध गराइनेछ ।

१७. लागु औषध दुर्व्यसन विरुद्धको अभियानलाई निरन्तरता दिइनेछ ।

१८. महिला समूहलाई परिचालन गरी उच्च रक्तचाप तथा मधुमेह जस्ता नसर्ने रोगहरूको न्यूनीकरणका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१९. कीर्तिपुर नगरपालिकाद्वारा प्रवर्द्धित कीर्तिपुर अस्पतालको सबै सेवालाई थप प्रभावकारी र गुणस्तरीय बनाउन आवश्यक पहल गरिनेछ ।

२०. आमा सुरूक्षा कार्यक्रमलाई थप व्यवस्थित बनाउदै लगिनेछ ।

२१. यस क्षेत्रमा बढ्दै गएको लागु औषध दुव्यर्सन नियन्त्रण र न्युनीकरण गर्न विभिन्न प्रवर्द्धनात्मक एंव नियन्त्रणमूलक क्रियाकलापहरू संचालन गरिनेछ ।

२२. ध्यान र योगको माध्यमबाट स्वास्थ्य शिविर, सकारात्मक सोच र व्यक्तित्व विकास गर्न विभिन्न जनचेतनामुलक कार्यक्रमहरू संचालन गरिनेछ ।

२३. आर्थिक, सामाजिक, लैङिक रूपमा पछाडी परेका महिलाबालबालिका, दलित, जेष्ठ नागरिकहरूको सुस्वास्थ्य स्थिति सुधारमा जोड दिईनेछ ।

२४. गत आ.व. एकिकृत शिघ्र कूपोषण व्यवस्थापन कार्यक्रम अन्तर्गत बिष्णुदेवी अस्पतालमा OTC . र बहिरंग उपचार केन्द्र (OTC) र अन्तरंग उपचार केन्द्र (ITC) सेवा सेन्टर स्थापना गरिनेछ,

## २.२ खानेपानी :

१. एकीकृत खानेपानी व्यवस्थापनको अवधारणा अनुसार दूधपोखरी, सिम क्षेत्र तथा नौमुले क्षेत्रको पानीको मुहानका साथै डिप बोरिङ्ग तथा अन्य पानीको श्रोतलाई सदुपयोग गरी आगामी आर्थिक वर्षभित्र न्यूनतम रुपमा पानी आउने गरी घरघरमा धारा जडान गर्ने नीति लिइनेछ ।

२. नगरपालिकाको आफ्नै पानी ट्यांकर वा सार्वजनिक वा निजी साझेदारीमा न्यूनतम खानेपानी उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

३. काठमाडौं उपत्यका खानेपानी लिमिटेड ( KUKL) सँगको सहकार्य र समन्वयमा स्रोतको पहिचान परिचालन गरी खानेपानीको अवस्था झल्किने म्यापिङ्ग गरी साही आधारमा पानी वितरणको प्रणालीको व्यवस्था गरिने छ ।

४. खानेपानीको मुहान रिजर्भभ्वायर मर्मत र सरसफाइ गर्न स्थानीय, वडा तथा संघसंस्थासँग समन्वय गरी गर्ने व्यवस्था मिलाइनेछ ।

५. भाजंगल र दीखुको डिप बोरिङ्ग निर्माण कार्य सम्पन्न गरी प्रशोधन सहित सञ्चालनमा ल्याइनेछ ।

६. पानीका परम्परागत श्रोतहरू (ढुङ्गेधारा, पोखरी, ईनार) आदिलाई सुव्यस्थित गरी बैकल्पिक श्रोतको रुपमा प्रयोगमा ल्याइनेछ ।

## २.३ शिक्षा :

१. सामुदायिक विद्यालयको पूर्वाधार विकास, गुणस्तर सुधारका कार्यक्रम सहित Online कक्षा सञ्चालन गराइनेछ ।

२. सबै सामुदायिक विद्यालयहरूमा ई-लाईब्रेरी तथा विज्ञान प्रयोगशाला निर्माण गरिनेछ ।

३. नगरभित्रका विद्यालयहरूलाई आवश्यकता अनुसार समायोजन गरिनेछ ।

४. नगरभित्रका सबै सामुदायिक विद्यालयहरूमा अंग्रेजी, गणित र विज्ञान विषय अंग्रेजी माध्यममा अध्यापन गराउन पहल गरिनेछ । यसको लागि आवश्यक भएमा अंग्रेजी भाषाको तालिम तथा आवश्यकताअनुसार स्वयंसेवक शिक्षकको समेत व्यवस्था गरिनेछ ।

५. नगरभित्रका आधारभूत तहका विद्यार्थीहरूलाई यहाँको ऐतिहासिक, पूरातात्विक, साँस्कृतिक र पर्यटकीय स्थलहरू, स्थानीय रितिरिवाज, संस्कृति तथा संस्कारका विषयहरू समेटी स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ ।

६. आधारभूत तहमा स्थानीय पाठ्यक्रम स्थानीय भाषा प्रयोग हुने गरी लागु गरिनेछ ।

७. एक विद्यालय एक नर्स कार्यक्रमलाई सबै विद्यालयहरूमा विस्तार गरिनेछ ।

८. कीर्तिपुर नगरकै कलेजमा भर्ना भई उच्च शिक्षा हासिल गर्न चाहने जेहेन्दार तथा विपन्न विद्यार्थीहरूको लागि निश्चित रकमको छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

९. सामुदायिक, संस्थागत र सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित उत्कृष्ट विद्यालयहरूलाई विशेष शैक्षिक पुरस्कार उपलब्ध गराइनेछ ।

१०. प्राविधिक विषय अध्ययन गर्न चाहने विद्यार्थीहरूको लागि दिइने ऋण सुविधालाई निरन्तरता दिइनेछ । नयाँ विद्यार्थीको हकमा वित्तिय संस्था मार्फत ऋण उपलब्ध गराउन सहजीकरण गरिनेछ र सोको व्याजमा नगरपालिकाले अनुदान दिइनेछ ।

११. शिक्षक विद्यार्थी/विषयका आधारमा नगर क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूमा शिक्षक दरवन्दी मिलानको कार्य प्रारम्भ गरिनेछ ।

१२. संस्थागत तथा सार्वजनिक शैक्षिक गुठी विद्यालयहरूमा शुल्क समायोजनका लागि निर्देशिका तयार गरी लागु गरिनेछ ।

१३. सबै विद्यालयहरूलाई व्यवसायिक र व्यवहारिक शिक्षा प्रदान गर्न उत्प्रेरित गरिनेछ ।

१४. महिला विद्यालय नमुनाको रुपमा स्थापना गरिनेछ ।

१५. ऐतिहासिक, साँस्कृतिक एवं धार्मिक सम्पदाको सरसफाइ गर्न नगरपालिकाभित्रका सबै किसिमका विद्यालयको सहभागितामा सञ्चालित "एक विद्यालय एक सम्पदा कार्यक्रम" लाई थप प्रभावकारी बनाइनेछ ।

१६. पूर्व बालविकास कार्यक्रमलाई व्यवस्थित गरिने छ ।

## २.४ सरसफाइ :

१. अस्पतालजन्य फोहर व्यवस्थापनको छुट्टै व्यवस्था गरिनेछ ।

२. उद्‌गम स्थलबाटै कुहिने र नकुहिने फोहोर सङ्कलन गर्ने व्यवस्था गरिनेछ । कुहिने फोहर जैविक मल बनाउन प्रोत्साहन गरी सोको बजार समेत व्यवस्थापन गरिनेछ । जैविक मल उत्पादन गर्न चाहनेहरूलाई अनुदान समेत उपलब्ध गराइनेछ ।

३. टोल टोलमा स्थानीय संघसंस्था क्लबहरूको संलग्नतामा सार्वजनिक स्थल सफा राख्न, हरियाली कायम राख्न, साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ । यो कार्यले सो संस्थामा रोजगार समेत सिर्जना हुने भएकोले संस्थालाई अनुदान समेत उपलब्ध गराइनेछ ।

४. नगरपालिकाभित्रको राजमार्ग, नगर स्तरीय मुख्य सडक, बजार तथा फुटपाथमा हुने अव्यवस्थित गाडी पार्किङ्ग, निर्माण सामाग्री तथा पसलहरूको व्यवस्थापनमा स्थानीय सामुदायिक संस्थाहरूसँग सहकार्य गरिनेछ ।

५. घरको फोहर व्यवस्थापनका लागि प्रत्येक घरधुरीमा स्वयंसेवकहरू पुगी घरको निरीक्षण गरी सो घरको फोहर व्यवस्थापन कसरी गर्दा उपयुक्त हुन्छ ? छलफल गरी योजना बनाउने र सोही अनुसार सरसफाइ गर्ने र गर्न लगाइनेछ ।

६. सार्वजनिक शौचालय निर्माण, सञ्चालन तथा व्यवस्थापन निर्देशिका कार्यान्वयनमा ल्याईनेछ ।

## २.५ पूर्वाधार :

१. चालु तथा सम्पन्न हुन बाँकि पूर्वाधार विकासका आयोजनालाई प्राथमिकता दिई सम्पन्न गरिनेछ ।

२. पूर्वाधारको आयोजना छनौट गर्दा नगरपालिकामा उपलब्ध श्रमशक्तिलाई प्राथमिकता दिइनेछ ।

३. ठेक्का उपलब्ध गराउँदा वा उपभोक्ता समिति मार्फत काम गराउँदा अनिवार्यरुपमा स्थानीय श्रमशक्ति प्रयोग हुनुपर्ने नीति लिइनेछ ।

४. कुनै पनि निर्माण कार्य गर्दा मापदण्ड अनुसार भए नभएको निरीक्षण, निर्माण कार्यको शुरु अवस्थामा नै गरिनेछ ।

५. ठूला आयोजनाहरू संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा सञ्चालन गरिनेछ ।

६. नगरलाई विकृत बनाइरहेको अव्यवस्थित रहेको बिजुलीको तार लगायत अन्य तारहरूलाई व्यवस्थित गर्न आवश्यक कार्य अगाडि बढाइनेछ ।

७. कीर्तिपुर नगरपालिकाको नयाँ प्रशासनीक भवनबाट सबै सेवा प्रवाह गरिनेछ ।

८. प्राथमिकीकरणमा परेको निर्माणाधीन सडक यसै वर्ष सम्पन्न हुने गरी बजेटको व्यवस्था गरिनेछ ।

९. सडक विस्तार तथा निर्माण गर्दा ढल तथा खानेपानीको पाइप लाइन बिछ्याउने कार्य सम्पन्न भैसके पछि कालो पत्र गरिनेछ ।

१०. नगरभित्रका सबै सडकहरूको खाल्डाखुल्डीलाई पुर्ने कार्यलाई द्रुतगतिमा अगाडि बढाइ पानी जम्न नदिन आवश्यक मर्मत कार्य गरिनेछ ।

११. सम्बन्धित निकायसँगको समन्वयमा बल्खु कोरिडोर निर्माण कार्यलाई अन्तिम रुप दिइनेछ ।

१२. चन्द्रागिरि नगरपालिका जोड्ने दीखुमा पुल निर्माण कार्य जारी रहेकोले सो पुलसम्म जाने बाटो बिस्तार तथा स्तरीकरण गरिनेछ ।

१३. डिपिआर तयार भैसकेको पूर्वी पाँगाको ढल निकासका लागि आवश्यक प्रकृया अगाडि बढाइनेछ ।

१४. वडा नं. ३ खासी बजार स्थित तीन वटा निर्माणाधीन पोखरी लगायत टौदहको आँखा पोखरी जस्ता महत्वपूर्ण सबै पोखरीको संरक्षण गरिनेछ ।

१५. नगरका मुख्य सडकहरूमा सडक बत्ति जडान गर्ने गरी नगर उज्यालो कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. ५० % लागत साझेदारीमा योजना कार्यान्वयनलाई प्राथमिकता दिइनेछ ।

## ३) आर्थिक विकास

### ३.१ कृषि तथा पशुपंक्षी :

१. कृषि र पशुपालन क्षेत्रलाई आधुनिकीकरण र व्यवसायीकरण गर्न कृषकहरूलाई मल, बिउ तथा प्राविधिक सहयोग उपलब्ध गराउनका साथै कृषि तथा पशु बिमा कार्यक्रमसहित विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२. कृषि बजारका लागि सहजीकरण तथा बजारको व्यवस्थापन गरिनेछ।

३. नगरभित्र रहेका बाँझो जमिन (त्रिविसहित) लाई आवादी गरी खेतीपाती गर्नका लागि कृषि अनुदान, सहुलियत ऋण, मल बिउ, प्रविधि र प्राविधिक सहयोग लगायतमा सहयोग गर्ने गरी कार्यक्रम ल्याउने तथा जमिन बाँझो राख्न नदिने नीति लिइनेछ।

४. कृषि उत्पादनको नगर स्तरको खरिद/विक्री केन्द्रको व्यवस्था गरिनेछ।

५. कृषिको उत्पादन, भण्डारण, बजारीकरण, लेबल, ब्राण्ड आदिमा सहयोग र सहजीकरण गरिनेछ।

६. तरकारी, खाद्यान्न तथा फलफूल खेतीमा विशेष जोड दिई उत्पादन सम्भाव्यताका आधारमा पकेट क्षेत्र निर्धारण गरी उत्पादन अभिबृद्धि गर्ने कार्यक्रम ल्याइनेछ।

७. सामुहिक खेती, चकलाबन्दी खेती, सहकारी खेती गर्ने कृषि तथा पशुपालन व्यबसायीहरूसँग सार्बजनिक निजी साझेदारी नीति अनुरुप कार्य गरिनेछ।

८. नगर क्षेत्रमा कौसी खेती, करेसाबारी खेती आदिलाई प्रोत्साहन गरिनेछ।

९. प्राकृतिक तथा अन्य कुनै कारणले हुन सक्ने क्षति न्यूनिकरणका लागि कृषकहरूको लगानी सुरक्षण गर्न नेपाल सरकार तथा प्रदेश सरकारको समन्वयमा क्षतिपूर्ति तथा राहतका लागि एक कोषको व्यवस्था गरिनेछ।

१०. कुखुरा पालन व्यवसाय सञ्चालनमा रहेको प्रतिबन्ध हटाउने र सुरक्षित तवरले व्यवसाय सञ्चालन गर्न दिइनेछ।

११. तरकारी बजारलाई व्यवस्थित गर्न र सोबाट निस्कने फोहरलाई जैविक मल बनाउने व्यवस्था मिलाइनेछ।

१२. कृषि बजारको नियमित अनुगमन गरिनेछ।

१३. आम्दानीको मूल अंश कृषिमा आधारित व्यवसायीहरूलाई कृषक व्यवसायी परिचय-पत्र उपलब्ध गराउने, सोही आधारमा अन्य कार्यक्रम अगाडि बढाइनेछ।

१४. सामुहकि खेती गरी रोजगार उपलब्ध गराउने कृषकहरूबाट उत्पादित बस्तु सुरक्षित राख्न एक शीत भण्डार निर्माणको लागि आवश्यक पहल गरिनेछ।

१५. भू-उपयोग नक्सा तयार गरी जमिनको वर्गीकरण गरी कृषि उत्पादन अभिबृद्धि गरिनेछ।

१६. पशुहरूका लागि खोप केन्द्र स्थापना, कृत्रिम गर्भाधान केन्द्र स्थापना तथा पशु बिमा कार्यक्रमलाई प्रोत्साहन गर्दै लक्षित समूह पहिचान गरी पशुपंक्षी सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१७. कृषिका कार्यक्रमहरू कृषक समूह वा सहकारी मार्फत कृषकको माझमा लगिनेछ।

१८. व्यवस्थित पशु वधशाला निर्माण गर्न पहल गरिने छ।

## ३.२ पर्यटन :

कीर्तिपुर नगरको पर्यटकीय एकिकृत गुरुयोजना तयार भैसकेको अवस्थामा सोको आधारमा खासखास क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी विभिन्न पर्यटन विकास परियोजना सञ्चालन गरिनेछ ।

१. पर्यटनलाई जनताको आर्थिक क्रियाकलापसँग एकाकार गर्न पर्यटनका आधारहरू स्थानीय पथ प्रदर्शक तालिम तथा होमस्टे व्यवसायलाई प्रोत्साहन दिइनेछ ।
२. पर्यटन प्रवर्द्धनसँग सम्बन्धित उद्योग, होटल तथा अन्य व्यवसायको स्थापना र सञ्चालनमा कर तथा अन्य शुल्कमा छुटको समेत व्यवस्था गरिनेछ ।
३. नगर क्षेत्रका सांस्कृतिक, प्राकृतिक, पुरातात्विक एवं जैविक सम्पदाहरूको प्रचार प्रसारलाई प्राथमिकतामा राखिनेछ ।
४. बाह्य तथा आन्तरिक पर्यटकलाई मध्यनजर गर्दै पर्यटन सूचना तथा सेवा केन्द्र भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
५. पर्यटन प्रवर्द्धनसँग सम्बन्धित परम्परागत उत्पादनको संरक्षण तथा सम्बर्धनका लागि कार्यक्रम ल्याइनेछ ।
६. युद्ध स्मारक पार्कको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
७. मन्जुश्री पार्क, शहिद राराहिल पार्क, आदिनाथ पार्क, पुष्पलाल स्मृति लगायत अन्य पार्कको निर्माणलाई निरन्तरता दिंदै व्यवस्थापन गरिनेछ ।
८. चम्पादेवीमा रहेको नेपाल राष्ट्रिय साँस्कृतिक संग्रहालयलाई संघीय सरकारसँग समन्वय गरी तुरुन्त निर्माण तथा सञ्चालन गर्न पहल गरिनेछ ।
९. नगर क्षेत्रभित्रका सम्पदा मार्गको पहिचान गरी प्रवर्द्धन गरिनेछ ।
१०. देशी विदेशी सरकारी तथा गैर सरकारी संस्थासँग सहकार्य गरी अतिथि गृहको निर्माण गरिनेछ ।

## ३.३ रोजगार :

१. बेरोजगारको तथ्याङ्क सङ्कलन गरिनेछ ।
२. नगर क्षेत्रमा एक श्रम बैंक स्थापना गरिनेछ ।
३. निजीक्षेत्रसँगको सहकार्यमा रोजगारको श्रृजना गर्ने व्यवसायीको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
४. नगरपालिकाद्वारा सञ्चालित पूर्वाधार निर्माण कार्य गर्दा मानविय श्रमलाई प्राथमिकता दिइनेछ ।
५. प्राविधिक तथा व्यवसायिक तालिम केन्द्र स्थापना गरिनेछ ।
६. बैदेशिक रोजगारीबाट फर्केकाहरूको सीप, ज्ञान र क्षमताको पूर्ण उपयोग गर्ने नीति अबलम्बन गरिनेछ ।
७. नगरभित्र घरेलु, साना तथा मझौला उद्योग स्थापना र सञ्चालन गरी स्थानीय श्रमिकहरूलाई रोजगारी प्रदान गर्न उद्योगी व्यवसायीलाई सरल र सहुलियतपूर्ण कर्जाको लागि नगरपालिकाले आवश्यक पहलकदमी लिनेछ साथै वित्तीय संस्थाबाट लिइएको ऋणको व्याजमा अनुदान सहयोग उपलब्ध गराउनेछ ।

८. नगर क्षेत्रभित्र उपलब्ध हुने कच्चा पदार्थ प्रयोग गरेर स्थानीय श्रम प्रयोग गरी घरेलु तथा साना उद्योग स्थापना गरी रोजगार श्रृजना गर्ने व्यवसायीहरूलाई विशेष अनुदान सहयोगको व्यवस्था मिलाइनेछ ।
९. “एक वडा ५० जनालाई सीपमुलक तालिम” कार्यक्रम सञ्चालन गरिनेछ ।
१०. नगर क्षेत्रमा उत्पादित वस्तुहरूको प्रवर्द्धनका लागि कोसेली घरको स्थापना गरिनेछ ।
११. कीर्तिपुरको पहिचानको रुपमा रहेको हाते तान पुनरुत्थानका लागि कार्यक्रम ल्याइनेछ ।

## ३.४ सहकारी :

१. नगरभित्रका सबै सहकारीहरू कुनै न कुनै उत्पादन कार्यमा संलग्न हुनु पर्ने गरी सहकारी ऐनमा व्यवस्था गरिनेछ ।
२. कृषि उत्पादन, सङ्कलन, भण्डारण तथा वितरण कार्यमा संलग्न हुने सहकारीहरूलाई आवश्यक तालिम सहजीकरण र विशेष अवस्थामा अनुदानको समेत व्यवस्था गरिनेछ ।
३. सम्पूर्ण सहकारीहरूले कम्तीमा एउटा उत्पादन कार्यमा संलग्न हुनुपर्ने र यसमा कम्तिमा ५ जना आफ्ना सदस्यहरूलाई रोजगार उपलब्ध गराउनुपर्ने व्यवस्था गरिनेछ ।
४. सहकारीहरूबीच उत्पादनसँग सम्बन्धित प्रस्तावना तयार गर्न लगाइ उत्कृष्ट ठहरिएका प्रस्तावहरूलाई उचित पुरस्कार सहित कार्यान्वयन गर्न नीजि सहकारी साझेदारी नीति अन्तर्गत कार्य अगाडि बढाइनेछ ।
५. गरिबी निवारण कोषबाट प्रवर्द्धित यस नगरपालिका क्षेत्रभित्रका सामुदायिक सहकारी संस्थाहरुलाई गरिबी निवारण कोष, नेपाल सरकार र सम्बन्धित साझेदारी निकायहरुसँगको सहकार्य, सहयोग र समन्वयमा सामुदायिक संस्थाहरुको संस्थागत विकास, प्रवर्द्धन गर्दै लगिने छ ।
६. सहकारी तथा गरिबी निवारण व्यवस्थापन सूचना प्रणाली (COPOMIS) सफ्टवेयरलाई नेपाल सरकारले तय गरेको नीति तथा कार्यक्रम अनुसार सम्वन्धीत विभागसँग समन्वय गरी सबैलाई अनिवार्य गरिनेछ ।
७. सहकारी ऐनलाई थप स्पष्ट र प्रभावकारी बनाउन, ऐन वमोजिम सहकारी संस्थाहरुको कार्य सम्पादनका आधारमा लगाइने कर, जरिवाना लगायतका प्रावधानलाई पूर्व अनुमान योग्य बनाई कार्यान्वयनमा ल्याउन आवश्यक प्रशासनिक व्यवस्था मिलाईनेछ ।

## ३.५ राजश्व सम्बन्धी नीतिहरू :

१. राजश्वमा लाग्ने जरिवानालाई यस आर्थिक वर्षमा छुट गरिनेछ ।
२. राजश्व सङ्कलनका लागि घरदैलो तथा घुम्ती टोली परिचालन गरिनेछ ।
३. ठूलो रकममा कर र राजश्व तिर्नुपर्ने करदातालाई किस्ता किस्तामा तिर्ने गरी व्यवस्था मिलाइनेछ ।
४. बाटो बिस्तारका क्रममा बाटोमा परेको जग्गालाई सम्पत्ति करमा गनिने छैन ।
५. पुराना घरहरूको सम्पत्ति कर प्रयोजनार्थ मूल्याङ्कन वडाको सर्जमिनसहितको सिफारिसको आधारमा गरिनेछ ।

६. आफ्नो व्यवसायिक फर्मको साइन बोर्डमा रञ्जना वा प्रचलित नेपाल लिपि प्रयोग गरेमा सो बोर्डको ५० प्रतिशत कर छुट गरिनेछ ।

७. भूकम्प २०७२ बाट पिडीत घरधनीहरूको नक्सा पासमा ९० प्रतिशत छुट दिइनेछ ।

## ३.६ लैंगिक समानता तथा सामाजिक समावेसीकरण :

१. प्रत्येक वडामा एक जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गरिनेछ ।

२. ७० वर्ष माथिका जेष्ठ नागरिकहरूलाई रु.एक लाखसम्मको निःशुल्क कोरोना स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरिनेछ ।

३. अति विपन्न परिवारको स्वास्थ्य बिमा कीर्तिपुर नगरपालिकाको अनुदान सहयोगमा गरिनेछ ।

४. छुवाछुतविरुद्ध चेतनामूलक कार्यक्रम अगाडि बढाइनेछ ।

५. विपन्न, दलित र पिछडिएको वर्गको क्षेत्रमा स्थानीय सीपमा आधारित रोजगारमुलक तालिम सञ्चालन गरिनेछ । साथै आधुनिकीकरण गर्न सहयोग गरिनेछ ।

६. अपाङ्गता मैत्री संरचनाहरूको विकास गर्दै लगिनेछ ।

७. अपाङ्गता भएका व्यक्तिहरूका लागि खेलकुद, सामग्री तथा रोजगारमूलक तालिमको व्यवस्था गरिनेछ ।

८. पक्षघात रोगबाट पिडित “क” वर्गको परिचय-पत्र (रातो कार्ड) प्राप्त बिरामीलाई मासिक स्याहार भत्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९. प्रत्येक वडामा बालबालिकाको सञ्जाल बनाई प्रशिक्षण तथा खेलकुद सामग्री वितरण गरिनेछ ।

१०. बालमैत्री स्थानीय सरकार निर्माणका लागि आधारहरू तयार गर्दै लगिनेछ ।

११. प्रत्येक वडामा बाल उद्यान स्थापना गरिनेछ ।

१२. जेष्ठ नागरिक उच्च रक्तचाप र मधुमेह बिरामीका लागि औषधी वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३. महिला उद्यमीहरूलाई संगठित गरिनेछ । संगठित संस्था तथा महिला समूहसँगको सहकार्यमा तालिम लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ । महिला उद्यमशिलताको विकास गर्न बिउ पूँजी सहयोग कार्यक्रम ल्याइनेछ ।

१४. SEE दिएर बसेका युवाहरूलाई उच्च शिक्षाको लागि परामर्श प्रदान गर्नुका लागि सामाजिक सेवामा परिचालन गर्ने नीति लिइनेछ ।

१५. नगरपालिकाद्वारा सञ्चालिन विभिन्न कार्यक्रमहरूमा (उपभोक्ता समिति, स्वयंसेवक समूह, परामर्श समूह तालिमहरूमा) युवाहरूको ज्ञान, सिप र क्षमताको सदुपयोगको नीति लिइनेछ ।

१६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग सहकार्य गरिनेछ र गै.स.स.हरूको कामको नियमित अनुगमन र नियमन गरिनेछ ।

१७. यौनिक अल्पसंख्यकहरूको सशक्तिकरण र क्षमता अभिवृद्धि तथा रोजगारमुलक कार्यक्रममा जोड दिइनेछ ।

१८. युवाहरूमाझ सामाजिक र आर्थिक परियोजना प्रतियोगिता गराइ उत्कृष्ट परियोजनालाई पुरस्कृत गरी सो परियोजनालाई नगरमा लागु गरिनेछ ।

१९. लैंगिक हिंसा विरुद्धको अभियानलाई निरन्तरता दिइनेछ ।

२०. योजना तर्जुमा र कार्यान्वयनमा महिलाको सहभागिता र लाभ सुनिश्चित गर्नका लागि लैङ्गिक उत्तरदायी बजेट (GRB) को अवधारणा अनुसार नीति, कार्यक्रम, बजेट, योजना तर्जुमा र कार्यान्वयनमा महिलाहरुको क्षमता विकास हुने, सहभागिता बढ्ने, रोजगारी अभ, वृद्धि हुने र महिलाहरुको परम्परागत कार्यबोझमा कमी ल्याउने व्यवस्था मिलाइनेछ ।

२१. घरघरमा स्थानीय सरकार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२२. द्वन्द पिडीत परिवार सहयोग कार्यक्रम ल्याईने छ ।

## ४) वन वातावरण तथा विपद् व्यवस्थापन

### ४.१ वन वातावरण :

१. प्लाष्टिक प्रयोगलाई न्यूनीकरण, पुनःप्रयोग तथा पुनःप्रशोधन गर्ने नीति लिइनेछ ।

२. सार्वजनिक संस्था, व्यापारिक संस्था, बैंक तथा वित्तिय संस्थाहरूसँगको सहकार्यमा हरित सडक (Green Road) र खाद्य सडक (Food Road) को विकास गरिनेछ ।

३. नगरपालिकाको मुख्य प्रशासकीय भवनमा अन्य साझेदार तथा दातृ निकायसँगको सहकार्यमा हरित उर्जा (Green Energy) को स्थापना गरिनेछ ।

४. नगरपालिका क्षेत्रभित्र खाली रहेका सरकारी, पर्ती, ऐलानी तथा सार्वजनिक जग्गाहरूमा विभिन्न जाति तथा प्रजातिका बोट विरुवाहरू वृक्षारोपण गर्ने नीति लिईनेछ ।

५. नयाँ घर निर्माणका लागि नक्सा बनाउँदा कम्तिमा दुईवटा फलफुल वा उपयुक्त विरुवा रोप्नु पर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

६. नगरका सामुदायिक वनलाई प्रवर्द्धन गरी पर्या पर्यटनलाई अगाडि बढाई वन, वातावरण र रोजगारलाई सँगसँगै अगाडि बढाइनेछ ।

७. सामुदायिक कुकुर नियन्त्रणक (सार्वजनिक/निजी साझेदारी) को लागि प्रति कुकुरको आधारमा बन्ध्याकरणको लागि स्थानीय संघसंस्था समेतको संलग्नतामा अनुदान उपलब्ध गराइनेछ ।

८. नगरपालिकाभित्रको राजमार्ग, नगर स्तरीय मुख्य सडक, बजार तथा फुटपाथमा हुने अव्यवस्थित गाडी पार्किङ्ग, निर्माण सामाग्री तथा पसलहरूको व्यवस्थापनमा स्थानीय सामुदायिक संस्थाहरूसँग सहकार्य गरिनेछ ।

## ४.२ विपद् व्यवस्थापन :

१. विपद्को जोखिम न्यूनीकरण गर्न पूँजिगत बजेटको कम्तिमा एक प्रतिशत रकमको व्यवस्था सहित एक विपद् व्यवस्थापन कोष स्थापना गरिनेछ ।

२. गर्मी एवं वर्षा मौसममा आउनसक्ने विपद्हरूको न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि गरिनेछ ।

३. नगर क्षेत्रभित्र आवश्यक एम्बुलेन्स, शव वाहन, दमकल लगायतका साधनहरुको सहज पहुँचका लागि आवश्यकता अनुसार निजी तथा अन्य संस्थागत क्षेत्रसँग सहकार्य गर्ने नीति लिइनेछ ।

४. वडास्तरीय विपद् व्यवस्थापन समितिलाई थप क्रियाशील बनाइ विपद् पूर्वतयारी कार्यलाई व्यवस्थित गरिनेछ ।

५. प्रकोप व्यवस्थापन गर्न नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्न नेपाल स्काउट, रेडक्रस, सुरक्षा निकाय र अस्पतालसँगको सहकार्यमा Rapid Response Team (RRT) बनाई क्रियाशील बनाइने छ ।

६. नगरका स्थायी बासिन्दा, अशक्त, अपाङ्गता भएका व्यक्ति, असहाय व्यक्ति, सडक मानव, अलपत्रमा परेका व्यक्ति, बाहिरबाट आएका श्रमिक, विद्यार्थी, कर्मचारी लगायत सबैको GPS र GIS (भौगोलिक अवस्थिति प्रणाली र भौगोलिक सूचना प्रणाली) मा आधारित तथ्याङ्क सङ्कलन र त्यसको नियमित अद्यावधिक गरिनेछ ।

७. विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन उपयुक्त पूर्व तयारी तथा प्रतिकार्य योजना, आपतकालीन कार्य सञ्चालन केन्द्र (EOC) स्थापना र सञ्चालन, सूचना प्रविधिको प्रयोग, तालिम र क्षमता विकास, चेतना र जागरण, औजार उपकरणको व्यवस्था आदि गरिनेछ ।

८. राहत वितरण तथा विपद्को बेलामा आइपर्ने समस्याहरूको तत्काल सम्बोधन गर्न द्रुत प्रतिकार्य समूह (Rapid Response Team : RRT) को निर्माण र परिचालनको व्यवस्था मिलाइनेछ ।

९. कोरोनाबाट प्रभावित परिवारलाई राहतको व्यवस्था गरिनेछ ।

१०. २०७२ सालको भूकम्पले क्षति भएका मठ मन्दिर, पाटी पौवा, सार्वजनिक स्थल निर्माण गर्न बाँकी रहेका र निर्माणाधीन सार्वजनिक स्थलहरूलाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।

## ४.३ भू तथा जलाधार संरक्षण सम्बन्धी नीतिहरू :

१. यस नगरपालिका क्षेत्रभित्र बाह्रै महिना पानी बग्ने नदी खोला तथा अन्य जलाधार स्रोतहरूको पहिचान संरक्षण गरी जलाधार क्षेत्रमा हुने भुक्षय तथा वातावरण प्रदुषणलाई न्यूनीकरण गर्न वायो ईञ्जिनियरिङ्गसहितको जलाधार संरक्षण र संवर्द्धन गरिनेछ ।

२. बल्खु र बागमती नदी, दुधपोखरी, सिम, नौमुले, राउटे भीर, सिम्ले खोला, बोसन खोला लगायतको जलाधार क्षेत्रको संरक्षणका लागि तटवन्ध तथा चेकड्याम निर्माण, वृक्षारोपण लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

३. जल उत्पन्न प्रकोप नियन्त्रणका लागि भवन एवं अन्य पूर्वाधार निर्माणका क्रममा खोला एवं पूर्वाधार निर्माण सम्बन्धी स्वीकृत मापदण्ड कडाइका साथ लागु गरिनेछ ।

४. पानीको उत्पादन बृद्धिका लागि खानेपानी मुहान क्षेत्रका जंगलमा गह्रा सुधार कार्यक्रम ल्याइनेछ ।

## ४.४ भूमि नीति :

१. वडा नं.५ र ८ पाँगाको नापी भै जग्गा धनी प्रमाण पूर्जा वितरण हुन बाँकी भएकोमा आगामी आ.व. २०७७/०७८ भित्र लालपूर्जा वितरण गराइनेछ ।
२. जग्गा एकीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
३. नगर क्षेत्रभित्र रहेका विर्ता जग्गा स्थानीय सरकारको नाममा ल्याउनको लागि पहल गरिनेछ ।
४. यस कीर्तिपुर नगरपालिकाको सीमाना क्षेत्रको भूगोल र सिमानामा केही अन्यौल र विवाद् देखिएकोले नापी, मालपोत लगायतका सम्बन्धित निकायसँग समन्वय गरी नगरपालिकाको सिमाना र भूगोल यकिन गरिनेछ ।
५. नगर क्षेत्र भित्र रहेको सार्वजनिक जग्गा, भवन, सत्तल, पाटी, पौवा, दह, पोखरी, पार्क र मठ मन्दिरको यकिन लगत तयार गर्न एक अधिकार सम्पन्न आयोग गठन गरिनेछ । उक्त आयोगलाई सो सार्वजनिक क्षेत्रहरूको संरक्षण सञ्चालन र व्यवस्थापनको लागि सुझाव सहितको प्रतिवेदन तयार गर्ने जिम्मेवारी दिइनेछ ।

## ४.५ खेलकुद् :

१. ऐनमा व्यवस्था भए अनुसार कीर्तिपुर नगर खेलकुद् विकास समिति गठन गरी सोही समिति मार्फत युवा तथा खेलकुद् कार्यक्रम अगाडि बढाइनेछ । स्थानीय टोलको सहकार्यमा युवा परिचालन, खेल मैदान तथा व्यायामशाला निर्माण गरिनेछ ।
२. सबै वडामा कम्तिमा १ खेल स्थल सञ्चालनमा ल्याइनेछ ।
३. विद्यालय तथा वडास्तरको खेलकुद् प्रशिक्षण कार्यक्रम “मेयर खेलकुद् कार्यक्रम”लाई निरन्तरता दिइनेछ ।
४. नगरभित्र सञ्चालन हुने विभिन्न खेलकुद् कार्यक्रमहरूलाई र आन्तरिक तथा बाह्य प्रतियोगिताहरूमा सहभागी हुने कार्यलाई निरन्तर सहयोग उपलब्ध गराइनेछ ।
५. विद्यालय स्तरमा खेलकुदका पूर्वाधार तयार गरिनेछ ।

## ४.६ संस्कृति, सम्पदा तथा भाषा लिपि संरक्षण कार्यक्रम :

१. परापूर्वकालदेखि चलिआएको बाजागाजा, संस्कृति तथा जात्रापर्वको संवर्द्धन र प्रवर्द्धन गर्नका साथै पुस्ता हस्तान्तरण समेत गर्न उप-समिति बनाइ गरी विविध कार्यक्रम ल्याइनेछ ।
२. नगर क्षेत्रभित्र बसोवास गर्ने प्रत्येक जात, जाति एवं समुदायहरूको प्राचीनकालदेखि चल्दै आएको मौलिक संस्कृति (भाषा, भेषभुषा, चाडपर्व आदि) लाई संरक्षण एवं प्रवर्द्धन गर्दै लैजाने नीतिलाई थप प्रभावकारी बनाइने छ ।
३. स्थानीय भाषा र लिपि विकासका लागि नेपालभाषा साहित्य नखः लगायत विविध कार्यक्रम ल्याइनेछ ।
४. दाफा सञ्चालन सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
५. भूकम्पबाट क्षति भएका नगर क्षेत्र भित्र रहेको सत्तल, पाटी, पौवा, दह, पोखरी, पार्क, मठ मन्दिर र बहाःबहीको पुनःनिर्माणको कार्यलाई निरन्तरता दिइनेछ ।

६. नेपालभाषा एकेडेमीसँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

७. परम्परागत शैलिको घर निर्माण गर्दा सहयोगको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## ५) सुशासन तथा संस्थानग विकास

### ५.१ कर्मचारी प्रशासन, सुरक्षा तथा सुशासन सम्बन्धी नीति :

उपलब्ध साधन, श्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरी संसारमा व्याप्त कोभिड-१९ को महामारीसँग जुध्दै समृद्ध कीर्तिपुर निर्माणको महाअभियान साकार बनाउन शीघ्र आर्थिक पुनरुत्थान गर्दै तोकिएका विकासका क्रियाकलापहरूमा थप गति दिने गरी कर्मचारी प्रशासन, सुरक्षा तथा सुशासन सम्बन्धमा निम्न नीति अबलम्वन गरिनेछ ।

१. कीर्तिपुर नगरपालिकाको संगठन संरचनालाई आवश्यकता बमोजिम पुनरावलोकन गरी संगठनात्मक संरचना समेत तयार गरी सबै तहका कर्मचारीहरूको कार्य विवरण बनाई लागु गरिनेछ । कर्मचारीहरूको सङ्ख्या निर्धारणका सम्बन्धमा कार्यालयको कार्य विवरण तथा दरवन्दी समेतका आधारमा निश्चित गरी आवश्यक निर्णय लिइनेछ ।

२. निश्चित कानूनका आधारमा आन्तरिक सरुवा, बढुवा लगायतका वृत्ति विकासका कार्य अगाडि बढाइने छ । Right Man in Right Place को सिद्धान्तलाई अंगीकार गरिनेछ ।

३. सम्पूर्ण कर्मचारीको नतिजामूलक कामको मूल्याङ्कन गरी पुरस्कार र दण्डको नीतिलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

४. कर्मचारीको क्षमता विकास, अनुशासन, वृत्ति विकासमा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित बनाइनेछ ।

५. नगरपालिकाका जनप्रतिनिधि, पदाधिकारी तथा कर्मचारीहरूको सवारी सुविधा, ईन्धन, सञ्चार, कार्यालय सञ्चालन खर्च, सवारी चालक तथा अन्य सहयोगी कर्मचारीको सुविधा, कार्यकक्ष लगायतका सेवा सुविधाहरू एउटा मापदण्डका आधारमा आवश्यक प्रबन्ध गरिनेछ ।

६. कीर्तिपुर नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, निष्पक्ष, पारदर्शी र सेवाग्राही मैत्री बनाई महत्वपूर्ण जिम्मेवारीमा रहेका कर्मचारीहरूसँग कार्यसम्पादन करार सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्वन गरिनेछ ।

७. कीर्तिपुर नगरपालिका सेवा ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

८. नगरपालिकाका विषयगत समितिको हालको संरचना तथा सञ्चालन पद्धतिमा पुनरावलोकन गरिनेछ । TOR सहित संघीय तथा प्रदेश तहमा विद्यमान संसदीय अभ्यासलाई कीर्तिपुर नगरपालिका तहमा पनि अवलम्वन गरिनेछ ।

९. नगर सभा, नगर कार्यपालिका तथा न्यायीक समितिलाई स्थानीय सरकारका तीन वटा भिन्न अंग भएको हुँदा यसको यथोचित समानान्तर तथा नियमित क्रियाशीलताको लागि आवश्यक वातावरण निर्माण गरिनेछ ।

१०. हेलो कीर्तिपुर नगरपालिका (फेसबुक पेज), "नगर सन्देश" साप्ताहिक बुलेटिन, डिजिटल सूचना पाटी, डिजिटल नागरिक वडापत्र तथा नगरपालिकाको वेवसाईटलाई नगरवासीहरूको आवाजको प्रतिविम्वित गर्ने र नगरपालिकाको सबै प्रगति, क्रियाकलाप र कार्ययोजना सार्वजनिक गर्ने माध्यमका रुपमा विकास गरिनेछ ।

११. नगरपालिकामा गुनासो सुन्ने अधिकारी, हेल्प डेस्क र नागरिक वडापत्रको व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

१२. आगामी आर्थिक बर्ष भित्र सबै वडा कार्यालयमा मेलमिलाप केन्द्र सञ्चालन गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवाद्हरू वडा स्तरमै निरुपण गर्ने कानूनी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१३. कीर्तिपुर नगरपालिका, नगर प्रमुख तथा न्यायीक समितिका निर्णयहरू समयमै कार्यान्वयन गर्न शाखागत रुपमै व्यवस्था गरिनेछ ।

१४. नगरपालिका भित्रका मुख्य चोकहरू तथा सुरक्षा संवेदनशील क्षेत्रहरूमा महानगरिय प्रहरी वृत्तसँग सहकार्य गरी सीसी क्यामरा जडान गर्ने कार्यलाई थप व्यवस्थित र प्रभावकारी हुने गरी निरन्तरता दिईनेछ ।

१५. कीर्तिपुर नगरपालिकामा अस्थायी रुपमा बसोबास गर्ने व्यक्तिको समेत लगत अद्यावधिक गर्न अत्यावश्यक देखिएकोले घरधनीले घर तथा जग्गा वहालमा दिँदा अनिवार्य रुपमा वहाल सम्झौता गरी वहालमा बस्ने व्यक्ति एवं निजको परिवारको विवरण समेत नगरपालिका कार्यालयमा पेश गर्नुपर्ने नीतिगत व्यवस्था मिलाइनेछ ।

१६. समृद्ध कीर्तिपुर निर्माणका लागि समग्र नगरवासीलाई परिचालन गर्ने अवधारणा लिइनेछ ।

१७. नगरपालिकामा ई-गभर्नेन्स प्रणालीको विकास गर्न आवश्यक पूर्वाधारहरू तयार गरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । डिजिटल कीर्तिपुरका लागि गुरु योजना निर्माणको कार्य अगाडि बढाइनेछ ।

१८. नगर क्षेत्रभित्र सूचना केन्द्र, धार्मिक तथा साँस्कृतिक पार्क आदि स्थापनाको लागि माग भएमा आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

१९. अनुगमन समितिको कार्यलाई प्रभावकारी बनाइनेछ ।

२०. कार्यक्रम सम्पन्न भइसकेको ३० दिन भित्र हरहिसाव फरफारक गरी सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

२१. नगरपालिकाको नीति कार्यक्रम प्रत्येक ३/३ महिनाको आवधिक मूल्याङ्कन गर्ने र सो प्रतिवेदनको आधारमा जिम्मेवारीको आवश्यक परिमार्जन गरिनेछ ।

२२. सार्वजनिक सुनुवाईलाई नियमित गरिनेछ ।

२३. नगरपालिकाको आर्थिक कारोबारहरुको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता तथा औचित्यतताको आधारमा नियमित रुपमा आन्तरिक लेखापरीक्षण गरी चौमासिक तथा वार्षिक रुपमा आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश गरिनेछ ।

२४. आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औल्याएका बेरुजुहरु अन्तिम लेखापरिक्षण गर्नुपूर्व नै सम्परिक्षण गरिनेछ ।

२५. बेरुजु न्यूनिकरण गर्नेनीति रहनेछ ।

## ५.२ सूचना प्रविधि मैत्री कार्यसम्पादन प्रणाली :

१. सूचना प्रविधि IT विकासका लागि पूर्वाधारहरू तयार गरिँदै लगिनेछ।
२. नगरपालिकामा एकीकृत सूचना प्रणालीको विकास गरिनेछ।
३. सूचना मैत्री प्रविधिको प्रयोग गरी सेवालाई छिटो र छरितो, चुस्त, दुरुस्त एवं पारदर्शी रुपमा प्रवाह गर्ने नीति लिइनेछ।
४. नगर क्षेत्रको सार्वजनिक क्षेत्र, धार्मिक स्थल तथा विद्यालय हाताभित्र सञ्चालन हुनेगरी फ्रि वाइफाइ जडान गरिनेछ।
५. पर्यटन प्रवर्द्धनमा सूचना प्रविधिको प्रयोग Web Based Tourism Information System को उपयोग गरिने छ ।
६. सुशासन तथा शाखागत रिपोर्टिङका लागि प्रणालीको विकास गरिने छ ।
७. नगरपालिको तथ्याङ्क तथा सूचनाहरुलाई थप व्यवस्थित र प्रविधीमैत्री बनाउदै लगिने छ ।
८. Spatial Information सहितको घर नम्बरिङ, व्यक्तिगत विवरण, बाटोघाटो, नगरमा रहेका सार्वजनिक स्थानहरु आदी समेटेर व्यवस्थित रुपको नगर पार्श्व चित्र (प्रोफाईल- नगर) तयार गरि भौगर्भिक सूचना प्रणालीसँग जोडिने छ ।
९. नपामा सञ्चालनमा रहेका प्रणालीहरुको Digital Security सहित डाटा Backup को व्यवस्था गरिने छ ।
१०. पेशाकर्मीहरूको खुल्ला चौतारी कार्यक्रमलाई निरन्तरता दिइनेछ।
११. पत्रकार भेटघाट कार्यक्रमलाई निरन्तरता दिइनेछ।
१२. राष्ट्रिय टेलिभिजनहरूसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।
१३. विद्युती नक्सा पास प्रणाली (EBPS) लाई परियोजनागत रुपमै निरन्तरता दिइने छ।

आगामी आ.व.२०७७/०७८ लागि प्रस्तावित मुख्य — मुख्य कार्यक्रमहरु निम्न वमोजिम रहेका छन् ।

- स्वास्थ्य सेवा सुदृढीकरण तथा कोरोनाको रोकथाम, नियन्त्रण र उपचार
- सडक लगायतका पुर्वाधार विकास
- खानेपानी पुर्वाधार
- शिक्षा पुर्वाधार
- कृषि, पशुपंक्षी तथा सहकारी क्षेत्रको विकास
- रोजगारी सृजना, सशक्तिकरण र समावेशी विकास
- पर्यटन पुर्वाधार विकास
- लक्षित कार्यक्रम
- जग्गा एकीकरण
- कर्मचारी र जनप्रतिनिधिको क्षमता विकास तथा सेवा प्रवाह सुदृढीकरण कार्यक्रम आदि ।

अब म आगामी आ.व.२०७७/०७८ का लागि स्थानीय राजस्व परामर्श समितिबाट पेश भई नगर कार्यपालिकाबाट स्वीकृत भएको कुल आयअनुमान रू.८४,५८,४०,०००।—( चौरासी करोड अन्ठाउन्न लाख चालीस हजार मात्र) यस सम्मानित नगरसभा समक्ष पेश गर्न चाहन्छु ।

## कीर्तिपुर नगरपालिका

## आ.व. २०७७/०७८ को अनुमानित आय अनुमान

रु.हजारमा

| सि.न. | आय शिर्षक | आ.ब. २०७५/०७६ को यथार्थ | आ.ब. २०७६/०७७ को संशोधित अनुमान | आ.व. २०७७/०७८ को प्रस्तावित अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | **आन्तरिक राजस्वः** | **१०२२०५** | ८५७१९ | **१२००००** | |
| २ | **मालपोत रजिष्ट्रेशन शुल्क** | **१२४४१५** | ७२९४० | **१२००००** | |
| ३ | **राजस्व बाँडफाँडः** | | | | |
| ३.१ | **११४११ संघिय सरकार (मु.अ. कर)** | **४५७४२** | | **७१४९४** | |
| ३.२ | **११४५६ प्रदेश सरकार (सवारी साधन कर)** | **२८५९८** | | **२८०१३** | |
| ४ | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | | | |
| ४.१ | **संघीय सरकार** | | | | |
| ४.१.१ | १३३११ वित्तीय समानीकरण अनुदान | १८२००० | १९२२०० | **१९१३००** | |
| ४.१.२ | १३३१३ सशर्त अनुदान | १८९७७२ | २१५७३१ | **२३७०००** | |
| ४.१.३ | सशर्त अनुदान (सामाजिक सुरक्षा) | ५३९७० | ९२४६५ | | |
| ४.१.४ | शसर्त अनुदान (स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम) | ३०५ | ४१५ | | |
| ५ | शसर्त अनुदान (सडक वोर्ड नेपाल) | २२५० | ५५३२ | ७५०० | |
| ६ | शसर्त अनुदान अन्य | २०५०० | ५३०० | | |
| ७ | शसर्त अनुदान स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम (काठमाण्डौ नि.क्षे. न. १०) | १६९३० | २०५०० | | |
| ८ | प्रधानमन्त्री रोजगार कार्यक्रम | १४९० | १००० | **६०००** | |
| ९ | एस.एस.डि.पी. नेपाल सरकार | ८७९७ | ० | | |
| १० | समपूरक अनुदान | ० | ० | **०** | |
| ११ | विशेष अनुदान | ० | ० | **०** | |
| १२ | **प्रदेश सरकारबाट प्राप्त अनुदानः** | | | | |
| १२.१ | १३३११ वित्तीय समानीकरण अनुदान | ६७९७ | ११०९७ | **१०८८१** | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२.२ | १३३१३ सशर्त अनुदान | २३२५२ | ११५०३ | **१३८८९** | |
| १२.३ | १३३१७ समपूरक अनुदान | १०००० | १९७८६ | **२९७६३** | |
| १२.४ | विशेष अनुदान | ० | ९२७५ | **०** | |
| १२.५ | प्रदेश सभा सदस्य तर्फको विकास कार्यक्रम | ० | १६० | **०** | |
| १३ | **अन्य स्थानीय तहबाट प्राप्त अनुदानः** | | | | |
| १३.१ | सशर्त अनुदान (नगर साझेदारी कार्यक्रम), का.म.न.पा | १०००० | ० | १०००० | |
| १३.२ | समपूरक अनुदान | ० | | | |
| १३.३ | विशेष अनुदान | ० | | | |
| १४ | अन्य विविध आय | ४२४ | | | |
| **कुल अनुमानित आय** | | **८२७४४७** | **७४३६२३** | **८४५८४०** | |

अन्तमा, विश्व समृद्धिको महायात्रालाई नै चुनौती दिईरहेको कोरोना भाइरस (कोभिड-१९) को महामारीबाट छिट्टै नै मुक्ति पाउन सकियोस् भन्दै प्रस्तुत नीति तथा कार्यक्रममा अमूल्य सल्लाह, सुझाव, प्रतिकृया र परिमार्जनसहित स्वीकृत गरियोस् तथा यो नीति कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनमा सम्पूर्ण जनप्रतिनिधि, आम जनता र सबै कर्मचारीहरूबाट पूर्ण सहयोग पुग्ने विश्वास लिएकी छु ।

**समाप्त**